# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ६) झापा, कार्तिक १५ गते, २०७९ साल (संख्या १**


**भाग २**

# शिवसताक्षी नरपालिकाको फोहोरमैला व्यवस्थापन निर्देशिका, २०७९

नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०७९-०७-०२

प्रमाणिकरण मितिः २०७९-०७-१५

फोहरमैला व्यवस्थापन निर्देशिका, २०७९

परिच्छेद १ प्रारम्भिक

प्रस्तावना

शिवसताक्षी नगरपालिकाल भित्र उत्सर्जन र उत्पादन हुने फोहरमैला व्यवस्थापन, भरपर्दो र प्रभावकारी व्यवस्थापन गरी स्वच्छ , सफा र सुन्दर नगरपालिका बनाउनका लागि आवश्यक भएकोले नगरपालिकाले नेपालको संविधान, २०७२ को अनुसुची-८ र स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी शिवसताक्षी नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम फोहरमैला व्यवस्थापन निर्देशिका, २०७९ रहेको छ ।

(२) यो निर्देशिका शिवसताक्षी नगर कार्यपालिकाकले स्वीकृत गरेको मितिदेखी लागु हुनेछ ।

२. परिभषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “संवीधान” भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ ।

(ख) “स्थानीय तह”  भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले शिवसताक्षी नगरकार्यपालिकाको सम्झनु पर्दछ ।

(घ) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ङ) “प्रमुख” भन्नाले शिवसताक्षी नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(च) “उपप्रमुख” भन्नाले शिवसताक्षी नगरपालिकाको उपप्रमखु सम्झनु पर्दछ ।

(छ) “ प्रमुख प्रशासकिय अधिकृत”  भन्नाले  नेपाल सरकारले प्रमुख प्रशासकिय अधिकृतको रुपमा कामकाज गर्ने गरि खटाएको अधिकृत सम्झनु पर्दछ ।

(ज) “नगरपालिका“ भन्नाले शिवसताक्षी नगरपालिका सम्झनु पर्दछ ।

(झ) “निर्देशिका” भन्नाले फोहरमैला व्यवस्थापन निर्देशिका,२०७९ सम्झनु पर्दछ ।

(ञ) “फोहरमैला“ भन्नाले  घरेल फोहरमैला, औद्यौगिक फोहरमैला, रसायनिक फोहरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने वा फालिएका सडेगलेका वा वातावरण प्रदुषण गराउने वस्तुलाइ जनाउदछ ।

(ट) “संकलन” भन्नाले घर घरबाट निस्कने फोहोर, बजारबाट निस्किने फोहोर, वा संथागत फोहोर लाइ फोहरमैला व्यवस्थापन केन्द्र सम्म लैजानका लागि गरिने कार्य सम्झनु पर्दछ।

(ठ) “ निष्कासन” भन्नाले फोहरमैला उत्पादन  स्थलबाट नगरपालिकाले फोहोर व्यवस्थापनका लागी तोकेको  स्थानमा लैजाने कार्यलाइ सम्झनु पर्दछ ।

(ड) “वडा समिति” भन्नाले शिवसताक्षी नगरपालिकाका सवै वडा समितिलाइ सम्झनु पर्दछ ।

(ढ) “समिति” भन्नाले फोहरमैला व्यवस्थापन समितिलाइ सम्झनु पर्दछ ।

(ण) “सामुदायिक संस्था“ भन्नाले नाफाको भावना नराखी  समुदायको हितका लागि कार्य गर्नका लागि गठन  भएका टोल विकास संस्था, उपभोक्ता समिति, बजार व्यवस्थापन समिति र अन्य गैरसरकारी  संस्थालाइ सम्झनु पर्दछ ।

(त) “अनुगमन समिति” भन्नाले फोहरमैला अनुगमन समिति सम्झनु पर्दछ ।

३ फोहरमैला व्यवस्थापन र समितिको गठन

(१) फोहरमैला व्यवस्था नः शिवसताक्षी नगरपालिका  भित्र उत्पादन हुने  सम्पुर्ण खालका फोहरमैला संकलन त्यसको निष्कासन लागयतका फोहरमैला व्यवस्थापनको जिम्बेबारी नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१)  बमोजिक फोहरमैला व्यवस्थापन  गर्दा स्थानीय बजार व्यवस्थाप समिति, बैक तथा वित्तिय संस्था, सहकारी, सामुदायिक संस्था, टोल विकास समिति, आमा समुह, युवा क्लब लगायतका सरकारी तथा गैरसरकारी संस्थाहरुको साझेदारी र सहभागिताका आधारमा गर्ने व्यवस्था मिलाउनेछ ।

(३)  नगरपालिकाले उपदफा (२)  बमोजिम सामुदायिक संस्थाहरुको साझेदारीका आधारमा फोहरमैला व्यवस्थापन गर्दा अनुसुची-१ मा उल्लेख भए बमोझिम त्यस्ता संस्थाहरुसँग संझौता गरि व्यवस्थापन  गरिनेछ ।

(५) फोहरमैला व्यवस्थापन समिति र समितिको काम कर्तव्य र अधिकारः

नगरपालिकाले उपदफा (१) ,  (२), (३)  बमोजिम फोहरमैला व्यवस्थापन  गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी फोहरमैला व्यवसाथापन समिति गठन गरिनेछ ।

क) नगर प्रमुख- अध्यक्ष

ख) नगर उपप्रमुख- सदस्य

ग) सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य

घ)  कार्यपालिकाले मनोनयन गरेको महिला कार्यपालिका सदस्य १ जना-  सदस्य

ङ) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

च) शिवसताक्षी उद्योग वाणिज्य संघ अध्यक्ष-  सदस्य

छ) इलाका प्रहरी कार्यालल प्रमुख- सदस्य

ज) स्थानीय बजार व्यवस्थापन समितिको अध्यक्ष- सदस्य

झ) वन वातावरण तथा विपत व्यवस्थापन शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

(७) उपदफा (६) बमोजिम फोहरमैला व्यवस्थापनका लागि गठन हुने समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वातावरण ऐन तथा नियमावली र यससँग सम्बन्धित अन्य प्रचलित कानूनहरुको अधिनमा रही नगरभित्रको फोहरमैला व्यवस्थापनका लागि नगरको अल्पकालिन तथा दिर्घकालीन योजनाको तर्जुमा गर्ने,

(ख) नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहरमैला व्यवस्थापनको अनुगमन मुल्याङ्कन र समिक्षा गर्ने,

(ग) फोहरमैला व्यवस्थापन र पूर्ण सरसफाईयुक्त नगरपालिका बनाउनका लागि आवश्यक जनचेतनामुलक कार्यक्रम संचालन गर्ने,

(घ) नगर क्षेत्रमा उत्पादन हुने फोहोरलाइ उत्पादन स्थलमा (स्रोतमा) वर्गीकरण गरी संकलन गर्ने व्यवस्था मिलाउने,

(च) नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहोरलाइ घटाउने पुन प्रयोग गर्ने र रिसाइकल गर्ने व्यवस्था मिलाउने,

(छ) नगरपालिकाको फोहोर व्यवस्थापनका लागि तोकेको क्षेत्रमा पा र्क उद्यान लगायतका हरियाली क्षेत्रको विकास गर्ने व्यवस्था मिलाउने,

(ज) फोहरमैला व्यवस्थापनका लागि सरकारी गैरसरकारी सामुदायिक तथा निजी क्षेत्रहरुको साझेदारी र सहभागिता जुटाउने,

(झ) फोहरमैला व्यवस्थापनका क्षेत्रमा आउने समस्याहरुको समाधान गरी व्यवस्थित रुपमा फोहरमैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

(ञ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक मापदण्ड/निर्देशिकाहरुको तर्जुमा गर्ने,

(ट) फोहरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने स्रोत साधानको पहि चान, संकलित श्रोतको परिचालन गर्ने व्यवस्था मिलाउने,

(ठ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक साधन/उपकरण तथा जनशक्तिको व्यवस्था गर्ने,

(ड) फोहरमैला व्यवस्थापनका लागि भैपरी आउने सम्पुर्ण कार्यहरु गर्ने, गराउने,

(ढ) फोहोरमैला अनुगमन समितिको सिफारिसमा दफा १२(१) बमोजिमको कसुरदारलाई दफा १२(२) बमोजिम सँजाय गर्ने,

(ण) फोहोरमैला कार्डको व्यवस्थापन गर्ने,

(८) फोहरमैला अनुगमन समिति र समितिको काम कर्तव्य र अधिकारः

नगरक्षेत्रमा यस निर्देशिका विपरित फोहर गरेको पाइएमा तत्कालै अनुगमन गरि फोहरमैला व्यवस्थापन समितिलाइ दफा १२ बमोजिम सिफारिस गर्नु यस समितिको कर्तव्य हुनेछ । नगरपालिकाले फोहरमैला अनुगमन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी फोहरमैला अनुगमन समिति गठन गरिनेछ ।

क) नगर उपप्रमुख- संयोजक
ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
ग) सम्बन्धित वडाको वडा अध्यक्ष- सदस्य
घ) शिवसताक्षी उद्योग वाणिज्य संघ अध्यक्ष- सदस्य
ङ) इलाका प्रहरी कार्यालल प्रमुख- सदस्य
च) वन वातावरण तथा विपत व्यवस्थापन शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

## परिच्छेद २ फोहरमैला उत्पादन, संकलन, न्युनिकरण तथा निष्काशन

४. फोहरमैलाको उत्पादनः

(१) शिवसताक्षीबासी तथा उद्योग व्यवसायमा संलग्न पदाधिकारी , अस्पताल वा क्लिनिकहरुले सकेसम्म आफ्नो कार्यसम्पादन गर्दा कम फोहोर उत्पादन हुने गरी गर्ने ।

(२) उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ती वा संघसस्था ले आफुले उत्पादन गरेको फोहोर मध्ये आफैले पुनः प्रयोग वा पुनः प्रसोधन गर्ने फोहोरको आफै व्यवस्थापन गर्ने व्यवस्था मिलाइ फोहोर कम गर्ने उपाय अपनाउनु प र्नेछ र आफुले पुनः प्रयोग वा पुनः प्रसोधन गर्न नसक्ने फोहरमैला मात्र विसर्जनका लागि नगरपालिकाले व्यवस्था गरे अनुसार गर्नु गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उत्पादन भएको फोहोर अलग अलगरुपमा पृथकीकरण गरी वातावरणमा प्रतिकुल प्रभाव नपार्ने र नकुहिने खालका फोहोरहरुको विक्री वितरण गर्ने कार्य सकेसम्म उत्पादक स्वयमले मिलाउनु पर्नेछ ।यसरी उत्पादक स्वयम विक्री वितरण गर्ने कार्यमा सम्पुर्ण नगरबासिहरुलाइ नगरपालिकाले आवश्यक सहयोग गर्नेछ ।

(४) उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ती वा संघसस्था जथाभावी फोहोर उत्पादन गर्ने वा विसर्जन गरेमा त्यस्ता व्यक्ती वा संघ-संस्थालाइ दफा १२(१) बमोजिमको कसुरदार मानिनेछ ।

५. फोहरमैला पृथकीरण गर्नेः

(१) यस निर्देशिकाको दफा ४ को उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ती वा संघसस्था आफुले उत्पादन गरेको फोहोरलाइ कुहिने वा नकुहिने, पुन प्रयोग गर्न सकिने वा नसकिने, जैविक वा अजैविक र अन्य कुनै प्रकारबाट स्रोतमा नै छुट्टाउने र पृथकीरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फोहोर पृथकीकरणको नमुना अनुसूची २ बमोजिम रहेको छ।

(३) उपदफा (१) बमोजिम छुट्टाइएको फोहोरको विसर्जन गरी नगरपालिकाले उपलब्ध गराएको आवश्यक प्रविधि/सामान/उपकरण वा कन्टेनर मार्फत फोहरमैला व्यवस्थापन केन्द्रसम्म लैजाने कार्यका लागि नगरसभाले तोकेको दस्तुर बुझाउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम आफुले उत्पादन गरेको फोहोर पृथकीकरण नगर्ने उत्पादकहरुको फोहोर नगरपालिकाले उठाउने छैन र फोहोरको पृथकीकरण मा असहयोग गर्ने उत्पाद लाइ दफा १२(१) बमोजिमको कसुरदार मानि नगरपालिकाका बाट उपलब्ध गराउने सेवाहरु समेत उपलब्ध गराइनेछैन ।

६. फोहरमैला निष्कासनः

(१) नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहरमैला निष्कासनको समय स्थान विधि र प्र क्रिया नगरपालिकाले निर्धरण गरेको बमोजिमहुनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाको तोकेको विधि र प्रकृया बमोजिम फोहोर निष्कासन गर्ने कार्यमा सहयोग गर्नु प्रत्येक नगरवासीको जिम्वेवारी र दायित्व हुनेछ ।

(३) नगरपालिकाले उपदफा (१) बमोजिम नगरपालिकाले फोहरमैला को व्यवस्थित निष्कासनका लागि कुनै टोल वा क्षेत्रमा कुनै मिति वा समयमा कुन कुन किसिमको फोहोर संकलन गरी निष्कासन गर्ने समयसारणी तयार गरी प्रकाशित गर्नेछ र त्यस्तो समयसारणीको पालना गर्नु प्रत्येक नगरबासीको दायित्व हुनेछ ।

(४) उपदफा (३) बमोजिमको समयसारणी तयार गरी कार्यान्वयन ग र्दा नगरपालिकाले सबै नगरबासीलाइ पायक पर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

७. फोहरमैला ढुवानी व्यवस्थापन केन्द्रः

(१) नगरपालिका भित्र उत्पादन भएको फोहरमैला संकलन गरी व्यवस्थापन के न्द्रसम्म लैजानक लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

तर नगरपालिकाले तोके बमोजिमको पृथकीकरण नगरिएको नगरबासीको फोहोरको संकलन र ढुवानी गर्नका लागि नगरपालिका बाध्य हुने छैन ।

(२) उपदफा (१) बमोजिमको फोहोरको संकलन र ढुवानी गर्दा पृथक गरिएको फोहोर पृथक पृथक समय र मितिमा अलग अलग रुपमा गरिनेछ ।

८. फोहरमैला व्यवस्थापन केन्द्रः

(१) नगरपालिका भित्र उत्पादन हुने फोहरमैला व्यवस्थापनका लागि आवश्यक प र्ने फोहरमैला व्यवस्थापन केन्द्र नगरपालिकाका क्षेत्र भित्र रहेको उपयुक्त स्थानमा गर्ने व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनका लागि आवश्यक प र्ने जग्गा नगरपालिकाले खरिद गर्न वा भाडामा लिइ व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्र नगरक्षेत्र आवश्यकता अनुसार एक वा एक भन्दा बढी स्थानमा तोक्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्रको व्यवस्था गर्दा सकेसम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिक र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायको अबि लम्बन गर्ने गरी व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तोकिएको फोहरमैला व्यवस्थापन केन्द्रमा काम गर्ने जनशक्तिको नियुक्ती र फोहरमैला व्यवस्थापन केन्द्रबाट हुने लाभको वितरण गर्दा संबन्धीत क्षेत्रका बासिन्दा र क्षेत्रलाइ पहिलो प्राथमिकता दिइनेछ ।

(६) नगरपालिकाले उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन ग र्दा आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा गर्न सक्नेछ ।

(७) उपदफा (१) बमोजिमको फोहरमैला केन्द्र वरीपरिको क्षेत्रमा वातावणिय प्रभाव लाइ न्युनिकरण गर्नका लागि मानव तथा पशुपंछीको अनाधिकृत प्रवेश वा ढुंगा गिटी वालुवाको उत्खननलाइ आवश्यकता अनुसार प्रतिवन्ध लगाउन सक्नेछ ।

(८) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन लगायतका कार्य गर्नका लागि नीजि क्षेत्रबाट माग भएमा वातावरणीय प्रभाव र प्रचलित कानूनको अधिनमा रही नगरपालिकाले अनुमती दिन सक्नेछ ।

(९) उपदफा ( १) बमोजिम नगरपालिकाले तोकेको फोहरमैला व्यवस्थापन केन्द्रको अल्पकालिन , मध्यकालिन र दि र्यकालिन योजना वनाई नगरपालिकाको आर्थिक क्षमताको आधारमा क्रमश अगाडी बढाइनेछ ।

(१०) उपदफा ( १) बमोजिम नगरपालिकाले फोहरमैला व्यवस्थापनका लागि तोकिएको स्थानमा फोहरमैला व्यवस्थापन ग र्दा सम्बन्धित क्षेत्रको बासिन्दाहरुको आवश्यक स ल्लाह, सुझाव, सहभागिता र समन्वयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(११) उपदफा (१) बमोजिम तोकिएको फोहरमैला व्यवस्थापन के न्द्रमा संकलन गरिएको फोहरमैलाबाट वातावरणमा प्रतिकुल असर नप र्ने प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा आवश्यक दुर्गन्ध नफैलिने व्यवस्था मिलाउनु पर्नेछ ।

तर नीजिक्षेत्रलाइ व्यवस्थापन केन्द्रको अनुमती दिइएको अवस्थामा वातावरणिय मापदण्ड बमोजिम भए नभएको आवश्यकता अनुसार अनुगमन गरिनेछ ।

९. नीजि क्षेत्रसँगको सहकार्यमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः

(१) यस निर्देशिका बमोजिम उत्पादन हुने फोहोरको पृथकीकरण गर्न , पृथकीकरण गरिएको फोहोरको संकलन गरी नगरपालिकाले तोके बमोजिमको व्यवस्थापन केन्द्रमा फोहोर लैजान, नगर सभाले तोके बमोजिम फोहरमैला शुल्क उठाउन, फोहरमैला व्यवस्थापनका लागि आवश्यक जनचेतना लगायतका कार्यक्रमको संचालन नीजि क्षेत्रसँगको सहकार्यमा गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहकार्य ग र्दा कुन संस्थासँग के कति समयका लागि कुन कार्य के कसरी गर्ने लगायतका स्पष्ट शर्तहरु तयार गरी नगरपालिका र सम्बन्धित संस्थासँग सिधै सम्झौता गरी वा प्रतिसपर्धाका आधारमा गर्न सकिनेछ ।

## परिच्छेद ३ फोहरमैला व्यस्थापन शुल्क संबन्धी व्यव्थाः

१०. फोहरमैला व्यवस्थापन शुल्क

(१) नगरपालिकाले नगरित्र भित्र उत्पादन भएको फोहोर व्यवस्थापन गरे वापत नगरसभाबाट तोकिए बमोजिमको शुल्क उठाउने छ।

(२) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन शुल्क निर्धारण गर्दा फोहरमैलाको तौल, फोहोरबाट मानव स्वास्थ्य तथा वातावरणमा पर्ने असर, फोहोरको ढुँवानी र तोकिए बमोजिमका अन्य मापदण्डका आधारमा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क नगरपालिका आफैले वा सम्झौता अनुसार नगरपालिकाले तोकेको संघ संस्था वा व्यक्ती मार्फत उठाइनेछ ।

(४) उपदफा (३) बमोजिम कुनै नीजी संघ संस्था वा व्यक्तिलाइ फोहरमैला व्यवस्थापन शुल्क उठाए वापतको आधारमा निश्चित रकम उपलब्ध गराइनेछ । फोहरमैलाबाट उठाएको शुल्क फोहरमैला व्यवस्थापनार्थ प्रयोग गरिनेछ ।

११. सेवा निलम्बन गर्न सवकने

(१) नगरपालिकाद्धारा हुने फोहरमैला व्यवस्थापनको कार्यमा सहयोग गर्नु प्रत्येक नगरबासीको दायित्व र जिम्मेवारी हुनेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्ने कार्यमा विरोध गर्ने वा फोहरमैला शुल्क नबुझाउने सेवाग्राहीलाइ फोहरमैलासँग सम्बन्धित सेवाबाट तत्काल निलम्बन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा निलम्बन भएको फोहरमैला उत्पादन गर्ने संघ संस्था वा व्यक्तिले आफुले उत्पादन गरेको फोहोर आफैले नियमानुसार व्यवस्थापन गर्नु पर्नेछ।

(४) फोहरमैला व्यवस्थापनका लागि दफा १) को उपदफा (१) बमोजिम नगरसभाबाट तोकिएको शुल्क एक वर्षसम्म नबुझाउने नगरबासीहरुको लगत तयार गरि संबन्धीत वडामा पठाइ वडाकार्यालय र नगरपालिकाबाट पाउने सेवा उपलब्ध गराइने छैन ।

## परिच्छेद ४ कसूर तथा सजाय

१२. कसुर तथा सजायः

(१) कसैले देहायको कार्य गरेमा यस निर्देशिका बमोजिम कसूर गरेको मानिनेछः

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुराउने,

(घ) यस निर्देशिका बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस निर्देशिका बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङघन गर्ने ,

(च) फोहरमैला संकन केन्द्र, कण्टेनर वा फोहोरमैद्या थुपार्ने ठाउँमा कुनै किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने ,

(छ) घर कम्पाउण्ड तथा परिसको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ,

(ज) फोहोरबाट निस्केको दूषित पानी(लिचेड) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदुषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्ने नगरपालिकाले तोकेकोसमय वा सफाई गर्दाको समयमा त्यस्तो ठाँउमा कुनै पनि किसिमको सवारीसाधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, निष्काशन गर्ने वा गराउने,

(ठ) औधोगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने गराउने ,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैद्या व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने बस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकासन गरी प्रतिबन्ध लागाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानुन विपरित रासायनिक विषादिको आयात गर्ने वा म्याद नाघेको (समायवधी सकिएको) औषधि नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकिकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थान, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

(२) सजायः

(क) दफा १२ को खण्ड (क) बमोजिम  कसूर गर्ने व्यक्तिलाइ नगरपालिकाले पहिलो पटक भए पाँच हजार  सम्म, दोस्रो पटक सोही कसूर गरेमा पाँच हजारदेखी दश हजार सम्म र सोही कसुर तेस्रो वा सोभन्दा  बढी पटक गरेमा प्रतेक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिबाना गरी फोहरमैला उठाउँदा लाग्ने  खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(ख) दफा १२ को खण्ड (ख) र (झ) बमोजिम कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार  सम्म सम्म जरिबाना गर्न सक्नेछ ।

(ग) दफा १२ को खण्ड (ग) बमोजिम कसूर गर्नेलाइ नगरपालिकाले पन्ध्र हजार रुपयाँ देखी पचास हजार  सम्म जरिबाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्ने सक्नेछ ।

(घ) दफा १२ को खण्ड (घ) र (ङ) बमोजिम कसूरु गर्नेलाइ नगरपालिकाले पन्ध्र हजार रुपयाँ देखी पचास  हजार सम्म जरिबाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(ङ) दफा १२ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाइ नगरपालिकाले पाँच हजार रुपयाँदेखी पन्ध्र हजार  सम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति  बापतको रकम समेत कसूरदारबाट असूल उपर गरिनेछ ।

(च) दफा १२ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाइ नगरपालिकाले पाँच हजार रुपयाँदेखी  पन्ध्र हजार सम्म जरिबाना गर्न सक्नेछ ।

(छ) दफा १२ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाइ नगरपालिकाले तिस हजार रुपयाँदेखी पचास हजार  सम्म जरिबाना गर्न सक्नेछ ।

(ज) दफा १२ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाइ नगरपालिकाले पचास हजार रुपयाँदेखी  एक लाख सम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर  जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि संबन्धीत निकायमा लेखी पठाउनेछ ।

(झ) दफा १२ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाइ नगरपालिकाले दश हजार रुपयाँदेखी पचास   हजार सम्म जरिबाना गर्न सक्नेछ वा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३९ को उपदफा (९)  बमोजिम थप कारबाहिको लागि जिल्ला प्रशासन कार्यलयमा लेखि पठाउनेछ ।

(ञ) दफा १२ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाइ नगरपालिकाले दश हजार रुपयाँदेखी पचास हजार सम्म जरिबाना गर्न सक्नेछ वा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३९ को उपदफा (९) बमोजिम थप कारबाहिको लागि जिल्ला प्रशासन कार्यलयमा लेखि पठाउनेछ ।

(ट) दफा १२ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाइ नगरपालिकाले प्रतेक पटक पाँच सय रुपायाँ जरिबाना गर्नेछ ।

परिच्छेद ५ विविधः

१३. फोहरमैला बिक्री वितरणः

(१) नगरपालिकाले फोहोर व्यवस्थापन केन्द्रमा संकलन गरेको फोहोरलाइ नियमितरुपमा बिक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री वितरण गर्नका लागि फोहोरको वर्गीकरण गरी त्यसको न्युनतम मुल्य नगरपालिकाद्धारा निर्धारण गरे बमोजिम हुनेछ ।

१४. विविधः

(१) यस निर्देशिका अनुसार फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले शिवसताक्षी भित्र रहेको सरकारी निकाय, बैंक, वित्तिय संस्था, अस्पताल, संघसंस्थालाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ ।

१५. निर्देशिकामा संसोधनः

(१) यस निर्देशिकाको कार्यान्वयन कुनै खालको समस्या आएमा वा संसोधन गर्नुपरेमा कार्यपालिकाको निर्णयानुसार गरिनेछ ।

१६. बाधा अड्काउ फुकाउः

(१) यस निर्देशिकाको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ भएमा नगरकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

**आज्ञाले**
**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**